# GHORAHİ CEMENT INDUSTRY LIMITED

मिति : २०८३/०३/०८

च.नं. ०५९

श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ ।

**विषय : रजिष्टर्ड कार्यालय स्थानान्तरण हुने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस घोराही सिमेन्ट ईण्डष्ट्री लिमिटेड कम्पनिले आफ्ना विभिन्न सेवाहरु आफ्नो रजिष्टर्ड कार्यालय का. म. न. पा. - ११, ट्रेड टावर, थापाथली, काठमाण्डौबाट प्रदान गर्दै आईरहेको व्यहोरा तहाँलाई विदितै छ ।

सोही सम्बन्धमा यस कम्पनिको मिति २०८३/०३/०७ गतेको संचालक समितिको बैठकको निर्णय बमोजिम **मिति २०८३ साल असार ०९ गते मंगलबार** देखि उल्लेखित रजिष्टर्ड कार्यालयबाट **का. म. न. पा. - २८, पुतलीसडक, काठमाण्डौ स्थित त्रिवेणी कम्प्लेक्सको चौथो तल्ला** मा स्थानान्तरण हुने र यस कम्पनिले सम्पादन गर्दै आएको सम्पुर्ण कार्य तथा ग्राहक सेवाहरु सोही स्थानान्तरण गरिएको स्थानबाट सदाझै यथावत रुपमा संचालन गरिने व्यहोरा अनुरोध छ ।

सोही सम्बन्धमा सम्पूर्ण ग्राहक वर्ग, नियमन निकाय एवं सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि मिति २०८३/०३/०८ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सुचना प्रकाशित गरिएको व्यहोरा समेत सादर अनुरोध छ ।
सहयोगको लागी धन्यवाद ।

GHORAHİ CEMENT

.............................
अध्यक्ष

**बोधार्थ,**
१) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, काठमाण्डौ ।
२) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
३) श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, भद्रकाली, काठमाण्डौ ।
४) श्री हिमालयन क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौ ।

# घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड
# Ghorahi Cement Industry Limited

GHORAHI CEMENT

का.म.न.पा. २८ पुतलीसडक, काठमाण्डौ नेपाल
सम्पर्क फोन नं: +९७७-१-५१११४८/४९

## रजिष्टर्ड कार्यालय स्थानान्तरण हुने सम्बन्धी सूचना

यस घोराही सिमेन्ट ईण्डष्ट्री लिमिटेड कम्पनिले आफ्ना विभिन्न सेवाहरु आफ्नो रजिष्टर्ड कार्यालय का. म. न. पा. - ११, ट्रेड टावर, थापाथली, काठमाण्डौबाट प्रदान गर्दै आईरहेको व्यहोरा यहाँलाई विदितै छ ।

सोही सम्बन्धमा यस कम्पनिको मिति २०८३/०३/०७ गतेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम **मिति २०८३ साल असार ०९ गते मंगलबार** देखि उल्लेखित रजिष्टर्ड कार्यालय का.म.न.पा- ११, ट्रेड टावर, थापाथली, काठमाण्डौबाट **का.म.न.पा.- २८, पुतलीसडक, काठमाण्डौ (त्रिवेणी कम्प्लेक्सको चौथो तल्ला)** मा स्थानान्तरण हुने र यस कम्पनिले सम्पादन गर्दै आएको सम्पुर्ण कार्य तथा ग्राहक सेवाहरु सोही स्थानान्तरण गरिएको स्थानबाट सदाझैं यथावत रुपमा सञ्चालन गरिने व्यहोरा सम्पुर्ण ग्राहक वर्ग, नियमन निकाय एवं सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाका लागि कम्पनि क्षमाप्रार्थी छ । साथै सदाझैं यहाँहरुबाट प्राप्त हुँदै आएको सद्भाव, शुभेच्छा र सहयोग आगामी दिनहरुमा पनि प्राप्त हुनेछ भन्नेमा कम्पनि पुर्ण रुपमा विश्वस्त छ ।